# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।२२ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जाजरकोट जिल्ला, शिवालय गाउँपालिका अन्तर्गत चुली ढडमेला सामुदायिक वनको उपभोक्ता समूहका पदाधिकारीहरुले आफूखुशी व्यक्तिगत रुपमा रकम निकासा गरी कुनै पनि खर्च रकमको सक्कली बिल भरपाई नराखी रकम हिनामिना एवं दुरुपयोग गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला जाजरकोट, शिवालय गाउँपालिका, वडा नं. १ स्थित चुली ढडमेला सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष अमृते दमाई, सचिव रामकुमारी राना, कोषाध्यक्ष धनसरी रानाको उपस्थितिमा मिति २०७४/०७/१९ को उपभोक्ता वन समूहको बैठकको निर्णयमा वन उपभोक्ता समितिको नेपाल बैंक लिमिटेडको खातामा रहेको रकम आ.व. २०७२/०७३ र २०७३/०७४ को लेखापरीक्षण खर्च रु.८५,०००।– र विविध खर्च रु.५५,०००।— गरी रु.१,४०,०००।– निकासा गरेकोमा आ.व. २०७२/०७३ को लेखापरीक्षण खर्च रु.५,०००।– र २०७३/०७४ को लेखापरीक्षण खर्च रु.५,०००।– गरी जम्मा रु.१०,०००।– मात्र खर्चमा सम्पन्न भएको दुवै आ.व.को लेखापरीक्षण प्रतिवेदनबाट देखिएकोले निकासा भएको रकम **रु.१,३०,०००।—** बदनियतले हिनामिना एवं दुरुपयोग गरेको देखिएको, उक्त वन उपभोक्ता समूहका अध्यक्ष अमृते दमाई, सचिव रामकुमारी राना, कोषाध्यक्ष धनसरी रानाको उपस्थितिमा मिति २०७४/०९/१४ मा बसेको बैठकको निर्णयबाट **रु.४,७३,३७३।—** खर्च गरेको पारित गरेको देखिएतापनि आयोगबाट खटिएको टोलीले मिति २०७६/०९/११ मा गरेको स्थलगत मुचुल्काबाट उपभोक्ता समितिको मिति २०७४/०९/१४ को निर्णय बमोजिमको कार्य नभएको उल्लेख भई आएबाट कार्य नै नगरी उक्त रकम आपसी मिलेमतोमा बदनियतले हिनामिना एवं दुरुपयोग गरेको देखिएको, उक्त वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष अमृते दमाई र कोषाध्यक्ष धनसरी रानाले हस्ताक्षर गरी मिति २०७४/०९/२२ मा सापटी फिर्ता भनी **रु.४०,०००।—**भुक्तानी गरेकोमा सापटी लिई कतै रकम लगानी गरेको नदेखिएको तथा आयोगबाट खटिएको टोलीले मिति २०७६/०९/११ मा गरेको स्थलगत मुचुल्काबाट वन समूहले मिति २०७४/०९/२२ गतेको भरपाईमा उल्लेख भएको करचुक्ता र पान नं. को लागि रु.४०,०००।-के कसरी खर्च भएको हो थाहा नभएको व्यहोरा खुली आएबाट झुट्टा प्रमाण बनाई उक्त रकम बदनियतपूर्वक मिलेमतोमा हिनामिना एवं दुरुपयोग गरेको, मिति २०७५ वैशाख १६ र १७ गतेका दिन शिवालय गाउँपालिका, वडा नं. १, जाजरकोट स्थित चुली ढडमेला सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रभित्र पर्ने आगलागी नियन्त्रण निःशुल्क रुपमा गरिएको कार्यलाई ९५ जनाको नाम लेखी ५२ जनाको जम्मा रकम **रु.२,३७,५००।—**को नक्कली भरपाई गराई बदनियतपूर्वक हिनामिना एवं दुरुपयोग गरेको देखिएको, आ.व. २०७४/०७५ मा वन हेरालु शीर्षकमा जम्मा रु.९०,०००।—खर्च गरिएको लेखापरीक्षण प्रतिवेदन र आयोगबाट गरिएको मिति २०७६/०९/११ को स्थलगत मुचुल्काबाट देखिएकोमा वन समूहका अध्यक्ष अमृते दमाई र कोषाध्यक्ष धनसरी रानाले आ.व. २०७४/०७५ मा नक्कली भरपाई बनाई वन हेरालु राखेको भनी जम्मा **रु.८५,०००।—** रकम खर्च गरिएको देखिंदा सबै शीर्षकहरुको कुल जम्मा **रु.९,६५,८७३।—**रकम बदनियतपूर्वक आपसी मिलेमतोमा हिनामिना एवं दुरुपयोग गरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको तथा दर्तावाल लेखापरीक्षक भोजराज शर्मा पाण्डेले मिति २०७६/०५/०३ मा पेश गरेको चुली ढडमेला

सामुदायिक वन उपभोक्ता समूह, जाजरकोटको आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षण प्रतिवेदनको व्यय विवरण शीर्षकमा अग्नी नियन्त्रण खर्च मा रु.१,१५,०००।— खर्च देखाएकोमा उक्त अग्नी नियन्त्रण कार्यक्रम नै नगरिएको देखिएकोले लेखापरीक्षण गर्ने अख्तियारी पाएका निज लेखापरीक्षक भोजराज शर्मा पाण्डेले बदनियतपूर्वक कारोवार नै नभएको शीर्षकमा खर्च देखाई गलत लेखापरीक्षण प्रतिवेदन दिएको देखिएबाट प्रतिवादीहरु अमृते दमाई, धनसरी राना, रामकुमारी राना र भोजराज शर्मा पाण्डेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ समेतको कसूरजन्य कार्य भएकोले निज प्रतिवादीहरुलाई देहाय बमोजिम सजायको मागदावी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | चुली ढडमेला सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष **अमृते दमाई** र कोषाध्यक्ष **धनसरी राना** | **रु. ९,६५,८७३।—** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु. नौ लाख पैसठ्ठी हजार आठ सय त्रिहत्तर रुपैयाँ कायम गरी ऐ.ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | चुली ढडमेला सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन सचिव **राम कुमारी राना** | **रु.८,४०,८७३।—** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु. आठ लाख चालीस हजार आठ सय त्रिहत्तर रुपैयाँ कायम गरी ऐ.ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | दर्तावाल लेखापरीक्षक **भोजराज शर्मा पाण्डे** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी